*[आदरणीय विद्वान् श्री टङ्क सुब्बाको विद्वद्-प्रवचन]*

**मदन पुरस्कार गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितज्यू, यस वर्षको 'मदन पुरस्कार' विजेता श्री महेशविक्रम शाहज्यू साथै 'जगदम्बा-श्री' पुरस्कार विजेता डा. तीर्थबहादुर श्रेष्ठज्यू तथा उपस्थित महिला अनि सज्जनवृन्द !**

आजको यस महत्त्वपूर्ण राष्ट्रिय समारोहमा दुई शब्द राख्ने मौका दिनुभएकोमा म मदन पुरस्कार गुठीका सञ्चालकगण र विशेषगरी यस गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। आजको प्रवचन दिने स्वीकृति दिनुअघि संवत् २०६२ मा छापिएको 'मदन पुरस्कार : प्रवचनहरू' भन्ने पुस्तक देखेको थिइनँ। देखेको-पढेको भए आजको प्रवचन दिने धृष्टता सायद म गर्ने थिइनँ।

यहाँ यसरी उभिन साहस गरेको अझै अर्को कारण छ। त्यो के हो भने मैले आज पुरस्कृत हुने महानुभावद्वयबारे न केही जानेको वा पढेको छु। जानेको-पढेको भए सायद यसरी यहाँ प्रवचन दिने साहस हुने थिएन कि ? यसकारण उहाँहरूका व्यक्तित्व अथवा कृतिबारे केही भन्न नसकेकोमा उपस्थित महिला साथै सज्जनवृन्दसित क्षमायाचना गर्न चाहन्छु।

मानव शास्त्रको एक विनम्र साधक साथै एक भारतीय नेपालीको चिनारी बोक्ने अथवा बोक्न चाहने व्यक्तिको हैसियतले आज यहाँहरू-समक्ष केही कुरा राख्न चाहन्छु।

आजको नेपाललाई नेपालबाहिरबाट हेर्दा कस्तो देखिन्छ, त्यसबारेमा केही भन्ने सोचेको छु। मेरो व्यक्तिगत हेराइमा आजको नेपाल सम्पूर्ण रूपले अनिश्चितताले घेरिएको देश देखिन्छ। हुन त अनिश्चितता बोक्ने देश नेपालमात्र होइन। धेर-थोर समयको निम्ति

प्राय: सबै देश नै अनिश्चित रहेको सबैलाई याद छ। अनिश्चितताबारे बुद्धिजीवीहरूका धारणा पनि समान नभएको धेरैलाई थाहा होला। कति बुद्धिजीवीहरू त अनिश्चिततालाई नै पुज्ने पनि हुन्छन् । नपुजून् पनि किन? अनिश्चिततामा जुन रोचकता हुन्छ, ताकत हुन्छ, कल्पना हुन्छ र नयाँ कुराको सुरु हुने सम्भावना हुन्छ, त्यो निश्चिततामा हुँदैन ।

तर एक आधुनिक राष्ट्रको नाता अनिश्चिततासित धेरै लामो हुन सक्दैन। केही महिना वा वर्षको अनिश्चितताले त्यति ठूलो नोक्सान गर्दैन तर अनिश्चितता नै राष्ट्रको मूलधारा बन्नगएको खण्डमा त्यो चिन्ता र चिन्तन दुवैको विषय बन्नजान्छ किनकि लामो अनिश्चितताले धेरै प्रकारका अनिश्चितताहरूको सृजना गर्छ र बिस्तारै-बिस्तारै ती सबै प्रकारका अनिश्चिततामा एकप्रकारको अन्तर-निर्भरता तयार हुन थाल्छ, जसलाई तोड्न सबै राष्ट्र सक्षम हुँदैनन्। सक्षम नभए यस्तो राष्ट्र विकासोन्मुख नभएर विनाशोन्मुख हुनजान्छ जो अनिश्चितता ल्याउने तत्त्वहरूको निम्ति पनि लाभदायक हुँदैन।

यसरी अनिश्चितताले लामो घेर्दा त्याग्न चाहेका-लागेका कतिपय व्यवस्थाहरूले फेरि शिर उठाउने मौका पाउँछन् किनकि प्रत्येक व्यवस्थाले कसैलाई फइदा त कसैलाई नोक्सान पुऱ्याएको हुन्छ। नेपालमा आज त्यस्तो प्रकरण सुरु भइसकेको छ र त्यस्तो प्रकरणलाई जीवित राख्न चाहने तत्त्वहरू सदैव जीवित र जीवन्त हुन्छन्। अत: आज नेपाल देशअघि कुनै अति आवश्यक कार्य रहेको छ भने त्यो हो आजको अनिश्चिततादेखि बाहिरिन। त्यो हुन नसके "देश वासीका निम्ति वा वासी देशको निम्ति" हो भन्ने प्रश्न उठ्न सक्छ। वासी नै नरहे देश रहन्न, तर बिनादेशको वासी हुन्छ, यद्यपि बिनादेशको नागरिक भने हुँदैन।

यस अनिश्चिततादेखि बाहिरिने धेरै उपाय छन् तर ती उपायहरू खोज्न अनि अपनाउन आजका नेता औ बुद्धिजीवीहरूले जति कोसिस

गरेका छन् त्यति पर्याप्त भएको जस्तो लाग्दैन। अझै पनि उनीहरूले यथेष्ट मात्रामा आफ्ना विभिन्न प्रकारका स्वार्थहरू त्याग्न सकेका छैनन् जस्तो लाग्छ। राष्ट्रहित अझै पनि अन्य हितभन्दा माथि, अलग्गै उभिएर आएको देखिँदैन तर त्यो हुनु जरुरी छ आजको नेपालमा।

नेपाली जाति भनेको आफैमा मग्न हुने जाति हो, मूर्खलाई बुद्धिमान् नाम दिने जाति, अनि गरिबलाई धनवीर नाम दिएर ढुक्क हुने जाति। दोहोरो हामी कम सोच्छौं। भविष्यवाणी हामी गर्छौं तर भविष्यबारे भने कमै सोच्छौं। हाम्रो समालोचना कसैले गरे त्यसलाई शत्रु ठानिहाल्छौं। यस्तै जाति भए तापनि आजको नेपालको हल यही जातिबाट निस्कनेछ। त्यो हल आकाशबाट टप्कने होइन, न त्यो उत्तर वा दक्षिणबाट आउने हावासँग उडेर आउने हो। हाल यहाँकै माटोबाट पैदा हुन पर्छ, यहाँकै हावा-पानी सुहाउँदो। आज नभए भोलि त्यो हुन कर लाग्नेछ।

आजको अनिश्चिततादेखि बाहिरिनलाई सर्वप्रथम आफ्ना जाति र देशप्रतिका धेरै धारणाहरूलाई जति सजिलै त्याग्न सक्यो त्यति नै फाइदामन्द हुन्छ। नेपालीलाई 'वीर-गोर्खा' भनेर अङ्ग्रेजहरूले सर्काउनसम्मै सर्काएर पुस्तक, लेखहरू नलेखेका होइनन्। तर त्यो पढेर अनि त्यसलाई ध्रुव- सत्य मानेर गजक्क हुन आजको नेपाली जातिलाई सुहाउँदैन। त्यसरी नै नेपाललाई कुनै विदेशी शक्तिले कहिल्यै अधीनमा ल्याउन सकेन भनेर गर्व नगरेर यस्ता शक्तिले देशलाई खोक्रो पारिसकेको देख्न सक्नुपर्छ। आजको नेपालीले उपनिवेशवादले लिएको नयाँ अनि अदृश्य रूपहरू देख्न सक्नुपर्छ। पहाड-मधेसको दूरत्व, स्त्री-पुरुष उँचनीच र जात-पातको भेदभाव हटाउन नसके पनि कोसिस गर्नुपर्छ। तब नेपाल गर्व गर्न लायकको हुन्छ।

तर आजसम्म नेपालबाहिरका नेपालीको निम्ति नेपाल एक गरिब, पछौटे देशको रूपमा खडा छ। यसैले मैलो, फाटेको फुम्रो लाएकी आमालाई नचिन्ने छोराछोरीहरूझैं नेपालबाहिरका धेरै नेपालीहरू

नेपालसँगको ऐतिहासिक, भाषिक, सांस्कृतिक नाताहरू नकार्ने गर्छन् । तर यसमा नेपालका नेपालीहरूले दुःख मान्ने कारण देख्दिनँ किनकि हार्नेसँग केवल सहानुभूतिको सम्बन्ध हुन्छ चाहे तिनीहरू आफ्नै हुन् वा होइनन् । गर्व भन्ने कुरो त जितसँगै जोडिएको हुन्छ ।

यसकारण नेपालले सम्पूर्ण नेपाली जातिको गर्व हासिल गर्न चाहेको खण्डमा अहिलेको आर्थिक, सामाजिक, शैक्षिक इत्यादिको पछौटेपनमाथि विजय प्राप्त गर्नुपर्‍यो । आफ्नो खुट्टामा उभिन सक्नुपर्‍यो न कि अन्तर्राष्ट्रिय अनुदान नामक बैसाखी लिएर। खेल, साहित्य, सङ्गीत, कला, विज्ञान वा ज्ञानको क्षेत्रमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त गर्नुपर्‍यो। बुद्ध भगवान् जन्मेको देश भनेर मक्ख नपरेर शान्ति बहाल गर्न सक्नुपर्‍यो । संसारको सबैभन्दा उँचो माउन्ट एभरेस्ट भएको देश भनेर खुसी भएर होइन तर जात-पात, भेक-भेष, भाषा-भाषीको उचाइदेखि माथि उभिएर देखिन सक्नुपर्‍यो ।

यति लामो इच्छा-सूची देखेर नेपालका बुद्धिजीवीहरू नअतालिए हुन्छ किनकि यी सब चाहँदैमा भइहाल्दैन भनेर सबैलाई थाहा छ । समय चाहिन्छ, धैर्य चाहिन्छ, तर सबैभन्दा पहिलो यस्तो नेपालको कल्पना चाहिन्छ । कल्पना गर्न सके आधारशिला राख्न समय लाग्दैन । आधारशिलाको स्थापना भइसकेपछि भवन निर्माण ढिलो वा छिटो हुने नै हो। त्यसकारण उज्ज्वल भविष्यको सपना होइन, कल्पना गर्न थाल्नुपर्‍यो ।

बलियो अनि उन्नत नेपालको आशा राख्दै र आज पुरस्कृत महानुभावद्वयलाई बधाई दिँदै मेरो दुई शब्द यहीं टुङ्ग्याउँछु ।

धन्यवाद !